आज मिति २०७८ साल पौष २२ गते विहिवारका दिन यस नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णय देहाय बमोजिम रहेको छ ।

**<u>उपस्थिति</u>**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं.१ | श्री खरसिं दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं.२ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं.५ | श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं.७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं.८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं.९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं.१० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं.११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं.१२ | श्री तोत्रबहादुर कुँवर | उपस्थित |
| वडाध्यक्ष वडा नं.१३ | श्री लेखबहादुर राना | उपस्थित |
| वडाध्यक्ष वडा नं.१४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री तमबहादुर दरै | अनुपस्थित |
| ,, | श्री कल्पना पोखेल | उपस्थित |
| ,, | श्री चन्द्रमाया परियार | उपस्थित |
| ,, | श्री सुनसरी गुरुङ | उपस्थित |
| ,, | श्री अमृतबहादुर नेपाली | उपस्थित |
| ,, | श्री मधुमाया घर्ती | उपस्थित |
| ,, | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री डिल्लीराम सिग्देल | उपस्थित |
| वरिष्ठ प्रशासकीय अधिकृत | श्री रामचन्द्र हड्खले | उपस्थित |

प्रस्तावहरु

प्रस्ताव नं.१: अघिल्लो बैठकको समीक्षा सम्बन्धमा प्रस्ताव सम्बन्धमा ।
प्रस्ताव नं.२ : स्थानीय संस्थागत क्षमता स्वःमूल्याङ्कन (LISA) सम्बन्धमा ।
प्रस्ताव नं.३ : कृषि व्यवसायका लागि जग्गा रजिष्ट्रेशन छुट सम्बन्धमा ।
प्रस्ताव नं.४ : खरिद योजना अनुमोदन सम्बन्धमा ।
प्रस्ताव नं.५ : डिप्लोम्याटिक गार्डेन सम्बन्धमा ।
प्रस्ताव नं.६ : मानुङकोट पर्यटन सम्बन्धमा ।
प्रस्ताव नं.७ : कृषि पशुपंक्षी उपज प्रदर्शनी मेला सञ्चालन सम्बन्धमा ।
प्रस्ताव नं.८ : व्यवसायिक तालिम सञ्चालन सम्बन्धमा ।
प्रस्ताव नं.९ : घर टहरा हटाउने सम्बन्धमा ।
प्रस्ताव नं.१० : आ.व. २०७९/०८० का लागि समपूरक र विशेष योजनाहरु माग गर्ने सम्बन्धमा ।
प्रस्ताव नं. ११ : शीर्षक परिवर्तन सम्बन्धमा ।
प्रस्ताव नं.१२ : योजना संशोधन सम्बन्धमा ।
प्रस्ताव नं. १३ : लागत सहभागिताका योजना छनौट सम्बन्धमा ।
प्रस्ताव नं. १४ : व्यास ३ वि.पि. वनवाटिकामा निर्माणाधिन सभागृहको सञ्चालन व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं. १५ : राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम सिफारिस गर्ने सम्बन्धमा ।
प्रस्ताव नं. १६ : ३६ औं नगर सभाको तयारी सम्बन्धमा ।
प्रस्ताव नं. १७ : विभिन्न योजनामा रकम विनियोजन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं. १८ : प्रधानाध्यापक नियुक्ति समर्थन सम्बन्धमा ।
प्रस्ताव नं. १९ : कोठा भाडा सम्बन्धमा ।
प्रस्ताव नं. २० : गिट्टी बालुवा निकाल्ने सम्बन्धमा ।
प्रस्ताव नं. २१ : जिल्ला समन्वय समितिसँग सहमति बारे ।
प्रस्ताव नं. २२ : क्यालेण्डर प्रकाशन सम्बन्धमा ।
प्रस्ताव नं. २३ : LEDP सम्बन्धमा ।
प्रस्ताव नं. २४ : ठेक्का सम्झौता सम्बन्धमा ।
प्रस्ताव नं. २५ : ठेक्का स्वीकृत सम्बन्धमा ।
प्रस्ताव नं. २६ : होमस्टे अनुगमन समिति सम्बन्धमा ।
प्रस्ताव नं. २७ : राजश्व सम्बन्धमा ।
प्रस्ताव नं. २८ : स्वास्थ्य संस्था दर्ता एवं नवीकरण सम्बन्धमा ।
प्रस्ताव नं. २९ : अध्ययन भ्रमण सम्बन्धमा ।
प्रस्ताव नं. ३० : वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धमा ।
प्रस्ताव नं. ३१ : वातावरणीय अध्ययन प्रतिवेदनको कार्यसूची स्वीकृत गर्ने सम्बन्धमा ।

**निर्णयहरु :**

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा मिति २०७८ साल पौष ७ गते बसेको बैठकको निर्णय समिक्षा गरियो । कार्यान्वयन हुन बाँकीका सम्बन्धमा कार्यालयलाई तत्काल कार्यान्वयन गर्न निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाद्वारा मूल्याङ्कन गरी पेश हुन आएको नगरपालिकाको आ.व. २०७७/०७८ को स्थानीय संस्थागत क्षमता स्वःमूल्याङ्कन (LISA) को प्रतिवेदन उपर वृहत रुपमा छलफल गरी अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा कृषि तथा पशु फर्मको लागि जग्गा खरिद गर्नका लागि तपसिल बमोजिमका फर्महरुबाट मालपोत कार्यालय तनहुँमा रजिष्ट्रेशन दस्तुर छुट गर्न माग भई आएकोले सिफारिसको लागि अनुरोध गर्ने निर्णय गरियो ।

(क) गण्डकी एण्ड धौलागिरी सप्लायर्स प्रा.लीद्वारा व्यास न.पा. ११ बस्ने जिबनध्वज गुरुङको नाउँमा रहेको साविक फराकचौर ७/ङ कि.नं. १०१४ ज.रो.०-१२-२-१, कि.नं. १०१६ ज.रो.१-१३-३-१, कि.नं. १०१८ ज.रो.३-१-१-२, कि.नं. २३९ ज.रो.११-१०-२-०, कि.नं. ३१९ ज.रो.५-१२-१-०, कि.नं. ३२१ ज.रो.४-५-०-२ र व्यास ११ बस्ने कृष्ण कुमारी गुरुङको नाउँमा रहेको व्यास ११ स्थित साविक फराकचौर ७/ङ कि.नं. ३२० ज.रो.२-११-३-३ र कि.नं. ३२२ ज.रो.३-५-३-० को कित्ता जग्गामा कृषि तथा पशुपालन सम्बन्धी व्यवसाय सञ्चालन गर्नका लागि गण्डकी एण्ड धौलागिरी सप्लायर्स प्रा.लिका नाउँमा राजिनामा रजिष्ट्रेशन पारित गरी लिन कानून बमोजिम लाग्ने रजिष्ट्रेशन शुल्कमा छुट दिन मालपोत कार्यालय तनहुँलाई सिफारिस गर्ने निर्णय गरियो ।

(ख) व्यास नगरपालिका वडा नं. ११ मा रहेको कालिका भगवती कृषि फार्म प्रा.लि. द्वारा स्थानीय स्तरमा कृषि तथा पशुपालन व्यवसाय सञ्चालन गरी स्वरोजगार तर्फ उन्मुख भएको र उक्त व्यवसायलाई थप विस्तार प्रवर्द्धनका लागि वडा नं. ११ निवासी रामशरण अधिकारी, हरिशरण अधिकारी, मान बहादुर अधिकारी, ज्ञानेन्द्र अधिकारी, मिन बहादुर बस्नेत, रुकमाया बस्नेत र दिपेश बस्नेतको नाममा रहेको साविक फराकचौर नक्सा नं. ६/क कि.नं. ६२८, ६२९, ३७०, ३७१, ३७४, ३७२, ३७३ क्षेत्रफल २-१३-२-०, ५-१३-२-०, ३-५-१-३, २-६-०-०, ४-४-०-०, १-११-३-१, ६-२-२-३ भएको जग्गा कृषि व्यवसाय सञ्चालन गर्नका लागि भगवती कृषि फार्मका नाउँमा राजिनामा रजिष्ट्रेशन पारित गरी लिन कानून बमोजिम लाग्ने रजिष्ट्रेशन शुल्कमा छुट दिन मालपोत कार्यालय तनहुँलाई सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका कार्यालय अन्तर्गतको आ.व. २०७८/०७९ को वार्षिक खरिद योजना अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार एवं पर्यटन प्रवर्द्धनका निम्ति विभिन्न देशको प्रतिनिधित्व एवं पहिचान खुल्ने गरी प्रतिकात्मक संरचना निर्माण गर्न व्यास नगरपालिका वडा नं. १० स्थित रहेको शिशुवा भतेरीमा बढिमा १००० रोपनी क्षेत्रफल जग्गा उपलव्ध गराई डिप्लोम्याटिक गार्डेन (Diplomatic Garden) का लागि सम्बन्धित अन्तर्राष्ट्रिय संघ/संस्थासँग समन्वय गरी कार्य प्रारम्भ गर्ने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा व्यास ५ स्थित मानुङकोट पर्यटन प्रवर्द्धनका लागि नीति तथा योजना आयोगसँग आवश्यक परामर्श गरी सम्बन्धित प्रस्तावकलाई प्रस्ताव थप स्पष्ट हुने गरी प्रस्तुत गर्न लगाई सम्झौताका लागि कानूनी प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको आयोजनामा जिल्ला समन्वय समिति तनहुँ, कृषि ज्ञान केन्द्र तनहुँ, भेटेरीनरी अस्पताल तनहुँ, घरेलु तथा साना उद्योग विकास कार्यालय तनहुँ, नेपाल बीउ व्यवसायी एवं जिल्ला समितिसँग सहकार्य गरी २०७८/९/३० गतेदेखि २०७८/१०/२ गतेसम्म दमौलीमा कृषि पशुपंक्षी उपज प्रदर्शनी मेला सञ्चालन गर्ने र उत्कृष्ट कृषकहरुलाई पुरस्कृत गर्ने निर्णय गरियो । यसका लागि सम्बन्धित शिर्षकबाट रू.५,००,०००।- (पाँच लाख) विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा गण्डकी प्रदेश CTEVT कार्यालय पोखरासँगको सहकार्यमा कुक, पञ्चेबाजा, मोबाइल मर्मत, २ पाङ्ग्रे मोटर मर्मत तालिम, प्लम्बिङ्ग, इलेक्ट्रिसियन,

एडभान्स सिलाई कटाई लगायतका व्यवसायिक तालिम सञ्चालन गर्न सम्झौताका लागि अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका क्षेत्रभित्र सार्वजनिक जग्गा मिची घर टहरा बनाएको गुनासो आएकोले त्यस्ता घर टहराहरुको पहिचान गरी १५ (पन्ध्र) दिनभित्र हटाउन लगाउने र नहटाएमा नगरपालिकाको तर्फबाट घर टहरा हटाउने निर्णय गरियो । उक्त प्रकृया शहरी क्षेत्रका वडाहरुबाट प्रारम्भ गर्ने समेत निर्णय गरियो ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा सङ्घीय बजेट अन्तर्गत आगामी आ.व. २०७९/०८० का लागि समपूरक र विशेष योजनाहरुको विवरण राष्ट्रिय योजना आयोग मार्फत माग भई आएकोले विस्तृत अध्ययन प्रतिवेदन भएका निम्न लिखित योजनाहरुलाई यही पौष मसान्तभित्र राष्ट्रिय योजना आयोगमा पठाउने निर्णय गरियो ।

१. व्यास २–१ जोड्ने बसपार्कको पुल – समपूरक
२. खड्गकाली मार्ग कालोपत्रे पक्की नाला – समपूरक
३. व्यास ५ को मानुङ्गडाँडा लिफ्टिङ्ग खानेपानी योजना – विशेष
४. केशवटार लिफ्टिङ्ग खानेपानी योजना – विशेष

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा व्यास नगरकार्यपालिकाको मिति २०७८/७/२३ गतेको निर्णयमा शिर्षक नं. ७५६ बाट प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत औजार खरिदमा रू.१,७२,५००।- (एक लाख बहत्तर हजार पाँचसय) खर्च गर्ने भनि निर्णय भएकोमा सो शिर्षक फरक पर्न गएकाले उक्त रकम शिर्षक नं. ८५६ बाट खर्च गर्ने गरी निर्णय परिवर्तन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं. १ बाट निम्न योजनामा छुट्याएको रकमको संशोधन माग भई आए अनुसार निम्न बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

| सि.नं. | साविकको योजनाको नाम | रकम | संशोधित योजनाको नाम | रकम |
|---|---|---|---|---|
| १. | मोहोरियाटार टोलको लागि सत्सँग सामुदायिक भवनमा ट्रृष्ट निर्माण | २,००,०००।- (दुई लाख) | भड्खला स्थित आदर्श समाजको भवनको पूर्व साइडको खाली जग्गामा ट्रृष्ट निर्माण गर्ने | २,००,०००।- (दुई लाख) |
| २. | तालघरे टोलको पुरानो खानेपानी ट्याङ्की जीर्ण भएकोले क्षमता बृद्धि गरी निर्माण गर्ने | १,५०,०००।- (एक लाख पचास हजार) | तालघरे टोलको पुरानो खानेपानी योजनाको मोटर घर निर्माण | १,५०,०००।- (एक लाख पचास हजार) |

**निर्णय नं. १३ :** प्रस्ताव नं. १३ का सम्बन्धमा छलफल हुँदा लागत सहभागीताका योजनाहरुमा शिर्षक नं. ८५३ मा विनियोजित रकमबाट मिति २०७८/८/२३ को निर्णय नं. १९ (४३) मा कृषि क्षेत्र अन्तर्गत दुम्सी दुग्ध सहकारीलाई रू.१०,००,०००।- (दश लाख) विनियोजन भई गएकाले बाँकी रकम मध्येबाट निम्नानुसार लागत सहभागीताका योजनाहरु छनौट गर्ने निर्णय गरियो । साथै लागत सहभागीताका रकम नगरपालिकामा २०७८/१०/१४ भित्र दाखिला भरपाई मात्र सम्झौता प्रकृया अघि बढाउने समेत निर्णय गरियो ।

| सि.नं. | शिर्षक | वडा नं. | रकम | सहभागिता |
|---|---|---|---|---|
| १. | विज्ञानचौर टोलमा पक्की नाला निर्माण | १ | १०,००,०००।०० | न्यूनतम ३,००,०००।- थप |
| २. | अमरापुरी बुल्दी पुलबाट बसपार्क जाने बाटो कालोपत्रे | १ | २०,००,०००।०० | न्यूनतम ६०,००,०००।- थप |
| ३. | बागबजार टोल अधुरो सामुदायिक भवन निर्माण | २ | १०,००,०००।०० | न्यूनतम ३,००,०००।- थप |
| ४. | कण्टार रिङ्गरोड कालोपत्रे | ५ | २०,००,०००।०० | न्यूनतम ४०,००,०००।- थप |
| ५. | शिशाफाँट दुरा समाज भवन तला थप | ६ | १०,००,०००।०० | न्यूनतम २,००,०००।- थप |
| ६. | शिसाफाँट अधुरो सामुदायिक भवन निर्माण | ६ | १०,००,०००।०० | न्यूनतम २,००,०००।- थप |
| ७. | गोल्दी खानेपानी योजना | ७ | १०,००,०००।०० | न्यूनतम २,००,०००।- थप |
| ८. | नावरुङ मोटर मार्ग स्तरीकरण | ८ | १०,००,०००।०० | न्यूनतम २,००,०००।- थप |
| ९. | माझफाँट टोल बिचारी गाउँ मार्ग कालोपत्रे समेत | ९ | १०,००,०००।०० | न्यूनतम २,००,०००।- थप |
| १०. | खहरे दरैगाउँ सडक कालोपत्रे | १० | २०,००,०००।०० | न्यूनतम ६,००,०००।- थप |
| ११. | फुस्रेखोला आठविसे कुलो निर्माण समेत | ११ | १०,००,०००।०० | न्यूनतम २,००,०००।- थप |
| १२. | गोल्ला टोल सामुदायिक भवन निर्माण | १२ | २०,००,०००।०० | न्यूनतम ६०,००,०००।- थप |
| १३. | छाब्दी भङ्गभङ्गे कोलडाँडा मोटर मार्ग स्तरीकरण | १३ | २०,००,०००।०० | न्यूनतम ४,००,०००।- थप |
| १४. | केशवटार कृषि उपज संकलन केन्द्र भवन निर्माण | १४ | १०,००,०००।०० | न्यूनतम २,००,०००।- थप |

**निर्णय नं. १४ :** प्रस्ताव नं. १४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं. ३ वि.पि. वन वाटिकामा निर्माणाधिन सभागृह सञ्चालन एवं व्यवस्थापनको जिम्मा यस नगरपालिकालाई दिनका लागि सम्बन्धित सङ्घीय मन्त्रालयसँग माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५ :** प्रस्ताव नं. १५ का सम्बन्धमा छलफल हुँदा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत निम्न लिखित विद्यालयबाट प्राप्त प्रस्तावहरुलाई शिक्षा विकास तथा समन्वय इकाई तनहुँ मार्फत पठाउने निर्णय गरियो ।

तपसिल

| क.सं. | विद्यालयको नाम र ठेगाना | प्रस्तावित कार्यक्रम | संलग्न कागजातहरु | स्थानीय तहको सिफारिस प्राथमिकता क्रम |
|---|---|---|---|---|
| १. | शिव माध्यमिक विद्यालय, व्यास १० | आइसिटी ल्याव व्यवस्थापन | विद्यालयको पत्र, वडाको सिफारिस वि.व्य.स.को निर्णय | १ |
| २. | जलदेवी माध्यमिक विद्यालय, व्यास १ | आइसिटी ल्याव व्यवस्थापन | विद्यालयको पत्र, वडाको सिफारिस | २ |

| | | | | |
|---|---|---|---|---|
| | | | वि.व्य.स.को निर्णय | |
| ३. | इन्दु माध्यमिक विद्यालय, व्यास ५ | आइसिटी ल्याव तथा इ.लाइब्रेरी | विद्यालयको पत्र, वडाको सिफारिस वि.व्य.स.को निर्णय | ३ |
| ४. | पराशर माध्यमिक विद्यालय, व्यास ५ | आइसिटी ल्याव व्यवस्थापन | विद्यालयको पत्र, वडाको सिफारिस वि.व्य.स.को निर्णय | ४ |
| ५. | उदय माध्यमिक विद्यालय, व्यास ५ | दुई कोठे भवन | विद्यालयको पत्र, वडाको सिफारिस वि.व्य.स.को निर्णय | ५ |
| ६. | चण्डिका आधारभुत विद्यालय, व्यास ११ | आइसिटी ल्याव व्यवस्थापन | विद्यालयको पत्र, वडाको सिफारिस वि.व्य.स.को निर्णय | ६ |
| ७. | महर्षि वेदव्यास संस्कृत माध्यमिक विद्यालय, व्यास ३ | चार कोठे भवन | विद्यालयको पत्र, वडाको सिफारिस वि.व्य.स.को निर्णय | ७ |
| ८. | सरस्वती आधारभुत विद्यालय, व्यास ९ | चार कोठे भवन | विद्यालयको पत्र, वडाको सिफारिस वि.व्य.स.को निर्णय | ८ |
| ९. | बाराही माध्यमिक विद्यालय, व्यास ११ | आइसिटी ल्याव व्यवस्थापन | विद्यालयको पत्र, वडाको सिफारिस वि.व्य.स.को निर्णय | ९ |
| १०. | सुर्योदय प्राथमिक विद्यालय, व्यास ११ | दुई कोठे भवन | विद्यालयको पत्र, वडाको सिफारिस वि.व्य.स.को निर्णय | १० |
| ११. | केशवटार माध्यमिक विद्यालय, व्यास १४ | चार कोठे भवन | विद्यालयको पत्र, वडाको सिफारिस वि.व्य.स.को निर्णय | ११ |
| १२. | सर्वज्योती माध्यमिक विद्यालय, व्यास १० | चार कोठे भवन | विद्यालयको पत्र, वडाको सिफारिस वि.व्य.स.को निर्णय | १२ |
| १३. | बाल मन्दिर माध्यमिक विद्यालय, व्यास २ | चार कोठे भवन | विद्यालयको पत्र, वडाको सिफारिस वि.व्य.स.को निर्णय | १३ |
| १४. | सिद्धेश्वरी माध्यमिक विद्यालय, व्यास १२ | दुई कोठे भवन | विद्यालयको पत्र, वडाको सिफारिस वि.व्य.स.को निर्णय | १४ |
| १५. | जनजुक्त शाही माध्यमिक विद्यालय, व्यास ५ | इ.लाइब्रेरी | विद्यालयको पत्र, वडाको सिफारिस वि.व्य.स.को निर्णय | १५ |
| १६. | माहेन्द्री आधारभुत विद्यालय, व्यास ६ | चार कोठे भवन | विद्यालयको पत्र, वडाको सिफारिस वि.व्य.स.को निर्णय | १६ |

| | | | | |
|---|---|---|---|---|
| १७. | महेन्द्रज्योती माध्यमिक विद्यालय, व्यास ६ | आइसिटी ल्याव व्यवस्थापन | विद्यालयको पत्र, वडाको सिफारिस वि.व्य.स.को निर्णय | १७ |
| १८. | अमरज्योती माध्यमिक विद्यालय, व्यास १२ | आइसिटी ल्याव व्यवस्थापन | विद्यालयको पत्र, वडाको सिफारिस वि.व्य.स.को निर्णय | १८ |
| १९. | निर्मल माध्यमिक विद्यालय, व्यास ११ | आइसिटी ल्याव व्यवस्थापन | विद्यालयको पत्र, वडाको सिफारिस वि.व्य.स.को निर्णय | १९ |
| २०. | क्यामिनकोट माध्यमिक विद्यालय, व्यास ७ | आइसिटी ल्याव व्यवस्थापन | विद्यालयको पत्र, वडाको सिफारिस वि.व्य.स.को निर्णय | २० |
| २१. | चण्डीदेवी राष्ट्रिय माध्यमिक विद्यालय, व्यास १० | आइसिटी ल्याव व्यवस्थापन | विद्यालयको पत्र, वडाको सिफारिस वि.व्य.स.को निर्णय | २१ |
| २२. | शिव पाञ्चायन माध्यमिक विद्यालय, व्यास ३ | विज्ञान प्रयोगशाला/इ.लाइब्रेरी/दुई कोठे भवन | विद्यालयको पत्र, वडाको सिफारिस वि.व्य.स.को निर्णय | २२ |
| २३. | माहेन्द्री माध्यमिक विद्यालय, व्यास ९ | चार कोठे भवन | विद्यालयको पत्र, वडाको सिफारिस वि.व्य.स.को निर्णय | २३ |
| २४. | छाब्दी बाराही प्राथमिक विद्यालय, व्यास १२ | चार कोठे भवन | विद्यालयको पत्र, वडाको सिफारिस वि.व्य.स.को निर्णय | २४ |

**निर्णय नं. १६ :** प्रस्ताव नं. १६ का सम्बन्धमा छलफल हुँदा २०७८/१०/२१ गते हुन गईरहेको ३६औं नगरसभालाई सम्पन्न गर्न निम्नानुसार जिम्मा दिने निर्णय गरियो ।

(१) पौष मसान्तसम्मको आय-व्यय, राजश्वको यथार्थ अनुमान विवरण पेश गर्न– राजश्व परामर्श समिति,
(२) ३५औं नगरसभाका योजनाहरुको प्रगति विवरण पेश गर्न – पूर्वाधार विकास समिति,
(३) आवश्यक ऐन नियम संशोधन प्रस्ताव तय गर्न – विधायन समिति
(४) विषयगत समितिको परामर्शमा बजेट तथा कार्यक्रमको समिक्षा पेश गर्न – बजेट तथा कार्यक्रम तर्जुमा समिति ।

**निर्णय नं.१७ :** प्रस्ताव नं. १७ का सम्बन्धमा छलफल हुँदा देहाय बमोजिमका आधारभूत एवं अत्यावश्यक प्रकृतिका कार्यक्रमहरु तथा योजनाहरुमा देहाय बमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो ।

| सि. नं. | कार्यक्रम तथा योजनाको नाम | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १. | खेलकूद तथा साँस्कृतिक महोत्सव | १ | ५०,०००।०० | २०८ |
| २. | लक्ष्मी विसुरालको घर अगाडी स्ल्याव | १ | ३०,०००।०० | मर्मत |
| ३. | विज्ञानचौर विद्यार्थी प्रतिक्षालय निर्माण मर्मत | १ | १,००,०००।०० | मर्मत |

| | | | | |
|---|---|---|---|---|
| ४. | अडमपानी टोलमा पहिरो संरक्षण | १ | १,००,०००।०० | विपद् |
| ५. | मगर माघी पर्व साँस्कृतिक प्रवर्द्धन | ३ | ५०,०००।०० | २०७ |
| ६. | सिर्जनशिल दिदी-बहिनी समूह, स्वास्थ्य शिविर | ४ | १,५०,०००।०० | १८२ |
| ७. | नेपाल कुमाल समाज, जिल्ला अधिवेशन | ५ | ३०,०००।०० | २०७ |
| ८. | रेजिना न्यौपाने, घर संरक्षण | ६ | ५०,०००।०० | विपद् |
| ९. | नवराज न्यौपानेको मकै क्षती | ६ | १२,०००।०० | विपद् |
| १०. | तमु ह्यूल छोंज धि, जिल्ला अधिवेशन | ६ | ३५,०००।०० | २०७ |
| ११. | क्यामिनकोट मा.वि., रङ्गरोगन | ७ | २,००,०००।०० | ७७२ |
| १२. | सेरा इण्डोर व्याडमिण्टन कोड निर्माण | ७ | ३,००,०००।०० | ७७७ |
| १३. | सन्दिप न्यौपाने, स्वास्थ्य उपचार | ७ | २५,०००।०० | ३९ |
| १४. | चण्डी भँयरथान ट्रस निर्माण मर्मत | ७ | १,२०,०००।०० | ७८५ |
| १५. | बर्लाची काजी परियार समेत, नौमती बाजा | ८ | ५०,०००।०० | २०८ |
| १६. | बर्लाची स्वास्थ्य सेवा केन्द्र सञ्चालन शिविर समेत | ८ | २,५०,०००।०० | १८२ |
| १७. | धारापानी खोनेपानी मोटर खरिद | ९ | १,००,०००।०० | ७९४ |
| १८. | तमु समाज निर्माणाधिन भवन | ९ | २,००,०००।०० | ७८५ |
| १९. | रयालेटार खेत सिँचाई माझफाँट | ९ | ३,००,०००।०० | ७८९ |
| २०. | गजौडे आमा समूह भवन मर्मत सम्भार | ९ | ३,००,०००।०० | मर्मत |
| २१. | सुनिता परियार, पाइप खरिद (कृषि) | १० | २५,०००।०० | ७८९ |
| २२. | नमुना कुमाल गाउँ, सामुहिक भवन निर्माण | १० | ४,००,०००।०० | ७८५ |
| २३. | लिलादेवी परियार, मत्स्य फर्म सुधार | १० | २,००,०००।०० | २०० |
| २४. | लक्ष्मण अधिकारीको घर टौवा आगलागी | ११ | १०,०००।०० | विपद् |
| २५. | रानीगाउँ शिव मन्दिर संरक्षण कृयापुत्री भवन | ११ | १,५०,०००।०० | ८५४ |
| २६. | केदार खनाल, स्वास्थ्य उपचार | ११ | २५,०००।०० | ३९ |
| २७. | रामथुम्की खेल मैदान मर्मत सम्हार | ११ | १,५०,०००।०० | मर्मत |
| २८. | कटुसेखोल्सी कालिका मन्दिर पैदल निर्माण | १३ | ६,००,०००।०० | प्रधानमन्त्री रोजगार |
| २९. | केशवटार होमस्टे तालिम सञ्चालन | १४ | ३०,०००।०० | १७८ |
| ३०. | साथी बचत तथा सहकारी भवन पहिरो संरक्षण | १४ | २,००,०००।०० | विपद् |

**निर्णय नं. १८ :** प्रस्ताव नं. १८ का सम्बन्धमा छलफल हुँदा निम्न लिखित शिक्षकहरुलाई विद्यालय व्यवस्थापनको सिफारिसका आधारमा प्रधानाध्यापक नियुक्ति समर्थन गर्ने निर्णय गरियो ।

| क.सं. | प्रस्ताव पेश गर्ने शिक्षक | विद्यालयको नाम | पत्र प्राप्त मिति | कैफियत |
|---|---|---|---|---|
| १. | श्री हिरा बहादुर अधिकारी | बाराही मा.वि. व्यास ११ | २०७८।९।११ | |
| २. | श्री सिता वाग्ले | वेदव्यास प्रा.वि. व्यास ४ | २०७८।९।१२ | |
| ३. | श्री ज्ञानेन्द्र न्यौपाने | जनजुक्त शाही मा.वि., व्यास ५ | २०७८।९।२१ | |
| ४. | श्री रामजी प्रसाद तिमिल्सिना | अमरज्योती मा.वि., व्यास १२ | २०७८।९।१२ | |
| ५. | श्री बुद्धि बहादुर विश्वकर्मा | माहेन्द्री मा.वि., व्यास ९ | २०७८।९।१९ | |
| ६. | श्री रामदत्त पौडेल | पराशर मा.वि., व्यास ५ | २०७८।९।१४ | |
| ७. | श्री गणेश बहादुर वि.क. | छाब्दी बाराही प्रा.वि., व्यास १२ | २०७८।९।१८ | |
| ८. | श्री शशिकला पौडेल | जनकल्याण प्रा.वि., व्यास ११ | २०७८।९।१४ | |
| ९. | श्री हरिश्चन्द्र पौडेल | लक्ष्मी आ.वि., व्यास ९ | २०७८।९।२१ | |
| १०. | श्री मान बहादुर आले | बेनीमित्र प्रा.वि., व्यास १३ | २०७८।९।२१ | |

**निर्णय नं. १९ :** प्रस्ताव नं. १९ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं. ६ को वडा कार्यालयका लागि सोही ठाउँ निवासी श्री औषधी नारायण श्रेष्ठको घर कोठा भाडामा लिईएकोमा २०७८ माघ १ गतेदेखि लागू हुने गरी उक्त कोठाको भाडा नियमानुसार लाग्ने कर सहित मासिक रू.१,५००।- (एक हजार पाँचसय) उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. २० :** प्रस्ताव नं. २० का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं. १३, १४ को सेतीमादी नदीको घाटबाट IEE प्रतिवेदन अनुसार नगरपालिकाले दिएको ठेक्का सम्झौता बमोजिम मात्रगिट्टी बालुवा उत्खनन् गर्नका लागि पृथ्वीराजमार्गको स्तर बृद्धि (चार लेन निर्माण) का लागि प्राविधिकको प्रतिवेदनका आधारमा डोजर तथा स्काभेटर प्रयोग गर्न चाईनिज निर्माण कम्पनीबाट माग भई आएको र सो योजना राष्ट्रिय गौरवको आयोजना भएकाले उल्लेखित स्थानमा मेशिन प्रयोग गर्ने अनुमतीका लागि जिल्ला अनुगमन समिति तनहुँलाई अनुरोध गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. २१ :** प्रस्ताव नं. २१ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाद्वारा निर्माण हुन गईरहेको नयाँ भवनको उत्तर तर्फ जिल्ला समन्वय समितिको केही जग्गा बाँकी हुँदा पृथ्वीराजमार्ग तर्फ मोहोडा खुला हुन नसक्ने देखिंदा जिल्ला समन्वय समितिसँग समन्वय गरी आपसी सहमती कायम गर्न नगर प्रमुखलाई जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं. २२ :** प्रस्ताव नं. २२ का सम्बन्धमा छलफल हुँदा मिति २०७९ सालको क्यालेण्डर व्यास नगरपालिकाको विविध गतिविधि झल्किने गरी निर्माण गर्नका लागि कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. २३ :** प्रस्ताव नं. २३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकालाई समृद्ध बनाउनका लागि स्थानीय आर्थिक विकास कार्यक्रम (LEDP) सञ्चालनार्थ कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. २४ :** प्रस्ताव नं. २४ का सम्बन्धमा छलफल हुँदा वडा नं. ६ स्थित माहेन्द्री मार्ग कालोपत्रे तथा पक्की नाला निर्माण योजनाको लागि स्थानीय पूर्वाधार माझेदारी विकास कार्यक्रम र व्यास नगरपालिकाको लागतमा ठेक्का सम्झौता भएकोमा प्राविधिक मूल्याङ्कन बमोजिम थप काम हुन गएको रकम (मु.अ. कर समेत) रू.४,४४,०००।- (चार लाख चौवालिस हजार मात्र) को परिमाण भेरिएसन स्वीकृत गर्ने र उक्त रकम पूँजिगत बजेट खर्च शिर्षक ८०६ (शिशाघाट रिङ्गरोड स्तरीकरण) मध्येबाट खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. २५ :** प्रस्ताव नं. २५ का सम्बन्धमा छलफल हुँदा माहेन्द्री मार्ग अर्न्तगत मादी नदीको पक्की पूल देखी शिशाघाट बजार तर्फको केही भाग कालोपत्रे गर्न बाँकी रहेको हुँदा बजेट खर्च शिर्षक ८०६ (शिशाघाट रिङ्गरोड स्तरीकण) मध्येबाट खर्च गर्ने गरी प्राविधिक लागत अनुमान बमोजिम रू.५,००,०००।- (पाच लाख मात्र) स्वीकृत गर्ने र कोटेशन मार्फत तत्काल निर्माण प्रक्रिया अगाडी बढाउन शहरी पूर्वाधार विकास शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. २६ :** प्रस्ताव नं. २४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाभित्र होमस्टे दर्ता गर्नका लागि प्रयोग कार्यविधि अनुसार निम्नानुसार अनुगमन समिति गठन गर्ने निर्णय गरियो ।

(१) संयोजक श्री काशीराम श्रेष्ठ – वडा अध्यक्ष वडा नं. २
(२) सदस्य सम्बन्धित वडा अध्यक्ष
(३) सदस्य श्री प्रमोद सोती – स्वास्थ्य शाखा प्रमुख
(४) सदस्य श्री कृष्णराज घिमिरे – वन वातावरण शाखा प्रमुख
(५) सदस्य श्री विश्वराज वाग्ले – कृषि उपशाखा प्रमुख
(६) सदस्य श्री विमल गिरी – राजश्व उपशाखा प्रमुख
(७) सदस्य- सचिव श्री मेघनाथ आचार्य – उद्योग पर्यटन शाखा प्रमुख

**निर्णय नं. २७ :** प्रस्ताव नं. २७ का सम्बन्धमा छलफल हुँदा सावित्री निर्माण सेवाले मादीसेतीको टेण्डर वापत कबुल अङ्क रू.७१,९०,०००।- आयकर रू.९,३४,७००।- र मु.अ. कर रू.१,०७,८५०।- गरी जम्मा रू.८२,३२,५५०।- सम्झौताको बखत जम्मा रकमको आधा रकम रू.४१,१६,२७५।- नगरपालिकामा दाखिला भएको र बाँकी रकम रू.४१,१६,२७५।- २०७८ साल जेष्ठ मसान्तसम्ममा दाखिला नगरेमा १०% जम्मा गर्नुपर्ने भन्ने सम्झौतामा उल्लेख भए बमोजिम २०७८ साल जेष्ठ मसान्तमा जम्मा नगरी २०७८ साल भाद्र ८ गते नगरपालिमा जम्मा गरेतापनि जरिवाना नलिएको र कोभिड-१९ को विषम परिस्थितिका कारण अन्य व्यवसायमा समेत छुट दिएको हुँदा उक्त सम्झौता बमोजिमको रकम असुल भएकोमा जरिवाना वापतको रकम छुट गर्ने निर्णय गरियो ।

**निर्णय नं. २८ :** प्रस्ताव नं. २८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं. १ मा भादगाउँ स्वास्थ्य क्लिनिक दर्ता गरी पाउँ भनि रितपूर्वक पर्न आएको निवेदन अनुसार सम्पूर्ण प्रक्रिया पुगी आएको हुँदा दर्ता गरी सञ्चालन गर्न अनुमति दिने र निम्नानुसारका स्वास्थ्य संस्थाहरुको म्याद सकिएकै मितिदेखि लागू हुने गरी १ बर्षसम्मको लागि नविकरण गरिदिनु निर्णय गरियो ।

(१) श्री रत्नहरी मेमोरियल अस्पताल व्यास ४
(२) श्री मित्रता स्वास्थ्य क्लिनिक, व्यास ३

**निर्णय नं. २९ :** प्रस्ताव नं. २९ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका जनप्रतिनिधिहरुको मिति २०७८/९/१२ देखि ऐ. १६ गतेसम्म भएको अध्ययन अवलोकन भ्रमण प्रस्ताव गरिएको स्थान भन्दा बढी स्थानमा भ्रमण गरिएको हुँदा उक्त भ्रमणमा भएको थप खर्च रू.२,००,०००।- (दुई लाख रुपैंया) उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ३० :** प्रस्ताव नं. ३० का सम्बन्धमा छलफल हुँदा पेश हुन आएको छाब्दी बाराही अर्गानिक प्रा.लि. र सम्पूर्ण एग्रिकल्चर प्रा.लि. ले संयुक्त रुपमा बहुउद्देश्यीय कृषि फार्म निर्माण तथा सञ्चालन प्रयोजनार्थ तयार गरिएको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३१ :** प्रस्ताव नं. ३१ का सम्बन्धमा छलफल हुँदा तनहुँ जिल्ला दुग्ध उत्पादक सहकारी संघद्वारा सञ्चालित दाना उद्योगको क्षमता बृद्धि गर्ने प्रयोजनार्थ तयार पारिएको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) अध्ययन प्रतिवेदनको कार्यसूची (TOR) स्वीकृत गरी अध्ययन गर्न अनुमती प्रदान गर्ने निर्णय गरियो ।